**सुनवल नगरपालिकाको आर्थिक बर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि स्थानीय तह सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको ऐन,**

**प्रस्तावना :**

सुनवल नगरपालिकाको आर्थिक बर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप-धारा (२) ले दिएको अधिकार प्रयोग गरी सुनवल नगरपालिकाको पाँचौं नगर सभाको बैठकले स्थानीय संचित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा ब्यवस्था गर्ने सम्बन्धी यो ऐन बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

**(१)** यस ऐनको नाम " सुनवल नगरपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

क) "नगर सभा" भन्नाले सुनवल नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले सुनवल नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "वडा समिति" भन्नाले सुनवल नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ) "बिषयगत शाखा" भन्नाले सुनवल नगरपालिका अन्तर्गतको महाशाखा, शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ ।

ङ.) "संञ्चित कोष" भन्नाले सुनवल नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

**३. आर्थिक वर्ष २०७९/८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७९/८० को निमित्त सुनवल नगरपालिका नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च गरी जम्मा 1,18,18,63,702.00 ***(एक अरब अठार करोड अठार लाख त्रिसट्ठी हजार सात सय दुई रुपैया मात्र)*** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ । साथै उक्त रकम वाहेक केन्द्र सरकार, प्रदेश सरकार र आन्तरिक श्रोतबाट थप प्राप्त हुने रकमलाई संचित कोषमा आम्दानी गर्न र वजेट रकमका साथ प्राप्त हुने शर्त तथा कार्यपालिकाले तोके बमोजिमका शीर्षकमा खर्च गर्न सकिने छ ।

*४. विनियोजन :*

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/८० को निमित्त सुनवल नगरपालिका नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा सुनवल नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नवढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तनी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकमा सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ । साथै खर्चको पुष्ट्याई अनुसूची २ बमोजिम हुनेछ । साथै आ.व. २०७८/७९ को भुक्तानी दिन बाँकी योजना तथा कार्यक्रमको आ.व. २०७९/८० मा भुक्तानी दिन यसै ऐन बमोजिम भएको मानिने छ ।

अनुसूची-१

(दफा २ संग सम्वन्धित)

नेपालको संविधानको धारा २३० बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

*(रकम रु.)*

| क्र.सं. | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वितिय व्यवस्था | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| 1 | सुनवल नगरपालिका नगर कार्यपालिका | 21,99,25,000.00 | 1,90,00,000.00 | | 23,89,25,000.00 | 20.22 |
| 2 | वडा समिति | 24,96,000.00 | 7,70,00,000.00 | | 7,94,96,000.00 | 6.73 |
| 3 | विषयगत शाखा | 29,40,69,343.00 | 56,83,73,359.00 | | 86,24,42,702.00 | 72.97 |
| 4 | ऋणको सावा ब्याज भुक्तानी | | | | 0.00 | 0.00 |
| 5 | लगानी ( शेयर/ऋण) | | | 10,00,000.00 | 10,00,000.00 | 0.08 |
| | **जम्मा** | 51,64,90,343.00 | 66,43,73,359.00 | 10,00,000.00 | 1,18,18,63,702.00 | 100 |
| | **प्रतिशत** | 43.70 | 56.21 | 0.08 | 100.00 | |